# भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने मालसामानहरू भारतबाट नेपाल निकाशी गर्ने कार्यप्रणाली

१ भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने मालहरू नेपाल निकाशी गर्दा निकाशी गर्ने या निजका वारिसले लाइसेन्स पाएको जुन मिल या गोदामबाट माल लिने हो, त्यहाँ तल लेखिएबमोजिम गर्नुपर्छः—

(क) मिल या गोदाममा माल लैजाने दरखास्त (ए आर. १) मा निम्न कुराको कबुलियत गर्नुपर्छः—यसमा लेखिएका माल सामानहरू नेपालमा निकाशी गारनेछन् र बिचैबाट अरू कुनै देशमा लगिनेछैनन् भनी म (हामी) कबूल गर्दछु ( गर्दछौं)।

(ख) मालमा लगाइएको भारतको केन्द्रीय अन्तःशुल्क तिर्नुपर्छ।

(ग) यसरी महसूल तिरिसकेपछि मिल या गोदामबाट माल हटाउनुभन्दा अगाडि नै मालको विवरण अर्थात् चिन्ह, नम्बर, अदतको तोल, मालको बयान र मोल इत्यादि र यी मालहरू भारतबाट नेपालभित्र लगिने भारतीय सीमाना चौकी ( रक्शौल, जोगवनी, नेपालगञ्ज, नौतनवा, जयनगर, वा भारत र नेपाल सरकारको सम्झौताबमोजिम स्थापित हुने अरू कुनै चौकी ) समेतको नाउँ खुलाई यसै साथ दिएको नमूनाबमोजिमको पाँचै प्रति फाराम भर्नुपर्छ।

(घ) त्यसपछि महसूल तिरेको रसिदसहितको ए. आर. १ फारामको नक्कलको साथै पांचै प्रति कागज सो मिल या गोदाममा रहेका सेन्ट्रल एक्साईज अफिसरछेउ पेश गर्नुपर्छ।

२. त्यसपछि सेन्ट्रल एक्साईज अफिसरले भारतीय सेन्ट्रल एक्साइजको सीज लगाई सक्कल फाराम रीतपूर्वक भरी तथा दर्ता गरी सो फारामको साथ मालसामानहरू निकाशी गर्ने या निजका वारिसलाई दिलभरी दिनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मिल या गोदाममा रहेका सेन्ट्रल एकसाइज अफिसरले फाराममा उल्लेखित सीमाना चौकीको जिम्मा लिई बसेका भारतीय लायएड कष्टम र सेन्ट्रल एकसाईज इन्सपेक्टरकहाँ फारामको दोस्रो र तेस्रो प्रति एकै साथ पठाइदिनेछन्।

४. उक्त सेन्ट्रल एकसाइज अफिसरले पाँचौं प्रति आफूसँग राख्नेछन् र चौथो प्रति तालुकवाला सेन्ट्रल एकसाइजका कलेक्टरछेउ पठाउनेछन्।

५. सीमाना चौकीमा पुगेपछि निकाशी गर्ने या निजका वारीसले सकल फारामसहित मालहरू लाएगड कष्टम र सेन्ट्रल एकसाइजका इन्सपेक्टरछेउ पेश गर्नुपर्छ।

६. उपरोक्त लाएगड कष्टम र सेन्ट्रल एकसाइजका इन्सपेक्टरले।

(क) मिल या गोदाममा रहेका सेन्ट्रल एकसाइज अफिसरले पठाएको दोस्रो र तेस्रो प्रति फारामसँग सकल फाराम मिलाउनेछन्।

(ख) अदनको सील जाँच्नेछन् र फारामको विवरणबमोजिमको अदत हो होइन, हेर्नेछन्।

(ग) सकल फारामसँग दोस्रो र तेस्रो प्रति फारामहरू भिडेमा सील साबुद भएमा र अदनहरू पनि चित्त बुझ्ने गरी भिडेमा सो अदनहरू नेपाल राज्यभित्र लैजाने ईजाजत दिनेछन र फारामका तिनै प्रतिमा सोही बेहोरा जनाइदिनेछन्।

नोट:— सील साबुद नभएमा फारामको विवरणबाट र जरूरत परे अदन खोली मालै पनि जाँची चित्त बुझ्ने गरी अदत माल यकिन गरी फेरि अदतमा आफ्नो सील लगाई दिन सक्दछन्)

(घ) तेस्रो प्रति आफूसँगै राख्नेछन् र निकाशी गर्ने या निजका वारीसलाई नेपाल भंसार अड्डाको हाकिमकहाँ पेश गर्न रीतपूर्वक भरी सकल फारामसहित माल दिनेछन् औ दोस्रो प्रति फाराम यस कामको निमित्त मुकर्रर भएका नेपाली प्रतिनिधिमार्फत उक्त चौकी भंसारका हाकिम छेउ पठाइदिनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. उपरोक्त भंसार अड्डाका हाकिमले:-

(क) नेपाल सरकारको निर्देश ऐन सवालबमोजिम गर्नेछन् ।

(ख) भारतीय सेन्ट्रल एक्साइजको सील साबुत रही नेपाल सरहद्भित्र माल आइपुगेको हो, फारामको बेहोरासम्म अदृत भिड्छ र नेपालभित्र लान सो माल भंसारको जिम्माबाट रीतपूर्वक छुट्यो भनी फारामको प्रत्येक प्रतिमा जनाइदिनेछन् ।

(ग) फारामको दोस्रो प्रति आफूसँग राख्नेछन् र —

(घ) सकल फाराम अर्थ–सेक्रेटरी, नेपाल सरकार, काठमाडौँ—कहाँ पठाउनेछन् ।

८. कमसेकम महिना दिनको अवधि नाघेपछि नेपाल सरकारका अर्थ सेक्रेटरीले सीमानाका नेपाली भंसारका हाकिमहरूले पठाई राखेको सकल फारामहरूमा दस्तखत गरी चलानीसहित काठमाडौंमा रहेको भारतीय राजदूतावासमा पठाउनेछन् ।

९. पैठारी भएका कुनै मालको सकल फाराम यसरी दस्तखत भै माथि १ दफामा उल्लेख गरिएको मिल या गोदाममा फाराम दर्ता भएको मितिले ६ महिना नाघ्नु—अगाडि भारतीय राजदूतावासमा पुग्नुपर्छ । तर कुनै कलममा माल निकाशी गर्नेका वश—बाहिरको कारण परिवन्द परी ढीला हुन गएको भन्ने कलेक्टर अफ सेन्ट्रल एक्साइजको चित्त बुझ्ने गरी प्रमाणित गरेमा सम्बन्धित कलेक्टर अफ एक्साइजले आफ्नो तजबीजले सो म्याद बढाउन पनि सक्तछन् ।

१०. काठमाडौंमा रहेका भारतीय राजदूतावासले यस्ता सकल फारामहरू महिना महिनाको पटक गरी चलानीसहित सम्बन्धित कलेक्टर अफ सेन्ट्रल एक्साइजछेउ पठाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. सम्बन्धित कलेक्टर अफ सेन्ट्रल एक्साईजले भारतीय राजदूतावासबाट बसरी पठाइएका सकल फारामहरू सेन्ट्रल एक्साइज अफिसले पठाएका फारामको चौथो प्रतिसँग भिडाई दुरुस्त भएमा र मालसामानहरू साबुदै नेपाल पुगेको देखिएमा काठमाडौं स्थित भारतीय राजदूतावासबाट फारामहरू प्राप्त भएको १ महिनाभित्रमा फाराममा लेखिएबमोजिमका मालसामानहरूको तिरी सकेको अन्तःशुल्क बराबरको अंक इम्पीरियल बैंक अफ इण्डियामा नेपाल कष्टम्स् खातामा जम्मा गरिदिन सम्बन्धित एकाउण्टेण्ट जनरलसँग जो चाहिने बन्दोबस्त मिलाउनेछन् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नम्बर ····          मिति–१९–          सक्कल

इलाका ····          दोस्रोप्रति

क्षेत्र ····          तेस्रोप्रति

चौथोप्रति

पाँचौंप्रति

## केन्द्रीय एक्साईजको सील लगाई नेपालमा लगिने भारतमा अन्तःशुल्क लाग्ने मालहरूको फाराम

. . . . . बाट (मिल या गोदाम)          . . . . . द्वारा (व्यापारीको नाम)

रक्सौल। जोगबनी। जयनगर। नौतनवा। नेपालगञ्जको सीमाना चौकीको बाटो।+

| अदतमा म-एका चिन्ह र नम्वरहरू | अदतको संख्या र विवरण | मालको बयान | खुद तौल या परिमाण× | मूल्य | महसूलको दर | जम्मा महसूल÷ | अन्तःशुल्क तिरेको रसीदको नम्बर र मिति | अदतका तौल | छड्ने रल्वे रसीदको नंवर र मिति * | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | रु. आ. पा. | | रु. आ. पा. | | हं. का. पौं. | | |

+ नेपालमा निकाशी गरिने सम्बन्धित सीमाना चौकीको नाम मात्र राख्ने।

× तौल या परिमाणको आधारमा महसूल कसैको भए।

÷ अंक र अक्षरेऽपि दुवैमा लेख्नुपर्ने।

* सक्कलमा मात्र।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. माथि लेखिएका विवरण ठीक साँचा हुन् र यी माल नेपालको........ [ठाउँ] मा निकाशी गरिने हुन् र बिचैबाट अरू कुनै देशमा लगिनेछैनन् भनी म (हामी) कबूल गर्छु ( गर्छौं ) ।

स्थान... ... ... निकाशी गर्ने या निजका वारीसको सहि

मिति... ... ...

२ उपरोक्त अदतहरू मैले जाँचबुझ गरें र मेरो रेखदेखमा सेन्ट्रल एक्साइजको सील लगाइएको हो भनी प्रमाणित गर्दछु ।

स्थान... ... ... सेन्ट्रल एक्साइजका अफिसरको दर्जा र सहि

मिति... ... ...

३. उपरोक्त अदतहरू मैले जाँचबुझ गरें र सो अदत यस सीमानाको भन्सार चौकीपार भयो भनी प्रमाणित गर्दछु ।

स्थान... ... ... .... .... को सीमानाको भन्सार चौकीका भारतीय अफिसर इन्चार्जको सहि र दर्जा

मिति... ... ...

४. उपरोक्त अदत जाँच्दा फाराममा लेखिएको वेहोरासँग भिड्छ र सेन्ट्रल एक्साइजको सील पनि साबुद छ र नेपालभित्र लान यस नेपाल भन्सार अड्डाको जिम्माबाट रीतपूर्वक छुट्यो भनी प्रमाणित गर्दछु ।

स्थान... ... ... नेपाली सीमानाको .... भन्सार । चौकी । अड्डाको हाकिमको दर्जा र सहि

मिति... ... ..

५. स्थान... ... हस्ताक्षर .... .... छा

मिति... ... ... नेपाल सरकारले मुकर्रर गरेका प्रमाणात्मक हस्ताक्षर गर्ने अफिसरको दर्जा



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.

## आदेश

फाराममा लेखिएबमोजिमको मालमा लगाइएको अन्तःशुल्क बराबरको रु.........अक्षरेऽपि.........इम्पीरियल बैंक अफ इण्डियामा नेपाल कष्टम्स खातामा जम्मा गरिदिनु

मिति

सेन्ट्रल एक्साइजका कलेक्टरको सहि

---

नोटः— माल चलान गरिएको मील या गोदाममा रहेका सेन्ट्रल एक्साइज अफिसरले फारामको दोस्रो र तेस्रो प्रति नक्कलहरु रक्सौल, जोगबनी, जयनगर, नौतनवा वा नेपाल गञ्जको भारतीय सीमाना चौकीमा रहेका लाएण्ड कष्टम र सेन्ट्रल एक्साइजका ईन्सपेक्टरकहाँ रजिष्टरी गरी पठाउनेछन्। सोही सेन्ट्रल एक्साइजका अफिसरले चौथो प्रति नक्कल सेन्ट्रल एक्साईजका कलेक्टरकहाँ पठाउनेछन्। माथिको दफा ५ बमोजिम नेपाल सरकारबाट मुकरर भएका अधिकारीले दस्तखत गरिसकेपछि काठमाडौं स्थित भारतीय राजदूतावासले सक्कल फाराम ...को सेन्ट्रल एक्साईजका कलेक्टरलाई फिर्ता पठाउनेछ। [ जसको ठेगाना माल नेपाल चलान गर्ने समयमा सील लगाउँदा मील या गोदाममा लेखिनुपर्छ ]।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।